# संघ संस्था सम्बन्धी ऐनका सम्बन्धमा नागरिक तथा सामाजिक संघसंस्थाहरूको

# आधारपत्र २०७६

## पृष्ठभूमि

१. नेपालको संविधान २०७२ मा संगठन स्वतन्त्रतालाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । संविधानको धारा १७ मा व्यवस्था गरिएका विभिन्न स्वतन्त्रताका हक मध्ये उपदफा २ (घ) को संघसंस्था खोल्ने स्वतन्त्रता एक महत्वपूर्ण मौलिक हक हो ।

२. मानव अधिकारको विश्व व्यापी घोषणापत्र १९४८ को धारा २० : "प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण रुपमा भेला हुने (सभा गर्ने) तथा संगठन (संस्था खोल्ने) गर्ने अधिकार छ" ।

३. नेपाल सरकारले १९९१ मे १४ मा अनुमोदन गरेको नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ मा "प्रत्येक व्यक्तिलाई अन्य व्यक्तिसंग मिली संगठन गर्ने स्वतन्त्रताको हक हुनेछ साथै आफ्नो हित संरक्षणको लागि ट्रेड यूनियन खोल्ने र त्यसमा आवद्ध हुने अधिकार हुनेछ" ।

४. मुलुकमा निर्माण हुने कानुनहरु अन्तर्राष्ट्रिय मापदण्ड, मान्यता, अभ्यास र संविधानको मर्म अनुसार हुनुपर्दछ । यसर्थ नागरिकहरुको संघ संस्था खोल्ने, संगठित हुन पाउने मानवअधिकार तथा मौलिक हक सुनिश्चित गर्न नागरिक तथा सामाजिक संघसंस्थाहरुको गठन, दर्ता, नविकरण तथा सञ्चालनमा सहज तथा अनुकुल कानुनी वातावरण तयार हुन र स्रोत माथिको पहुंचको सुनिश्चितता आवश्यक छ ।

५. राज्यले बनाउने ऐन, कानून र निती-नियमहरु नागरिक तथा सामाजिक संघसंस्थाहरुको मौलिक स्वतन्त्रतालाई सम्मान गर्दै नियन्त्रणमुखी नभई सहजीकरण र नियमनमुखी हुनु पर्दछ । कानुन निर्माणको दौरानमा वैदेशिक सहायता परिचालन गर्ने करीब २ प्रतिशत संस्थालाई हेरी ९८ प्रतिशत नागरिक तथा सामाजिक र सामुदायिक संस्थाहरुलाई काम गर्न कठिनाई हुने गरी कानून बनाउन हुदैन । तसर्थ, मुलुकमा निर्माण हुने कुनै पनि ऐन कानुनहरुमा तपशिल बमोजिमका बिषयहरुलाई नेपालका नागरिक तथा सामाजिक र सामुदायिक संस्थाहरुको आधार-पत्रको रुपमा प्रस्तुत गरिएको छ ।

## १. संघसंस्थाको दर्ता र कार्य क्षेत्र सम्वन्धी व्यवस्था

- संस्था दर्ता गर्न इच्छुक नेपाली नागरिकहरुले निर्वाद रुपमा बिना झण्झट दर्ता गर्न पाउने व्यवस्था गर्ने । संस्था दर्ता गर्ने प्रयोजनका लागि निम्न अनुसारको कागजात पेश गर्नु पर्ने । दर्ता शुल्क न्युन हुनु पर्ने ।
    - दर्ता गर्न चाहेको संस्थाको विधान
    - भेलाको निर्णय र तदर्थ समितिको विवरण
    - तदर्थ समितिमा रहने व्यक्तिहरुको पहिचान खुल्ने परिचय पत्र
- सामुदायिक संस्थाहरु र उपभोक्ता संस्थाहरु स्थानीय तहमा नै दर्ता हुने ।

- एक भन्दा बढी स्थानीय तहमा कार्य गर्ने संस्थाहरु हाल भएको व्यवस्थालाई सरलिकृत गरी जिल्लामा नै दर्ता गर्ने व्यवस्था गर्ने ।
- देशभरि कार्यक्षेत्र भएको महासंघ वा संजालहरु संघमा दर्ता हुने व्यवस्था गर्ने ।
- कुनै एक ठाउँमा दर्ता भएको सामाजिक तथा नागरिक संघसंस्थाहरुको कार्य क्षेत्र नेपालभर हुने व्यवस्था गर्ने ।

## २. संस्थाको वर्गिकरण

क) सामुदायिक संस्था र उपभोक्ता समूहहरु

ख) सामाजिक तथा नागरिक संस्थाहरु

(ग) महासंघ तथा सञ्जालहरु

(घ) प्रतिष्ठानहरु/फाउण्डेशनहरु

## ३. संस्था नविकरण तथा प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था

- आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र संस्था नवीकरण गर्नु पर्ने । तोकिएको थप दस्तुर तिरेर बढीमा ५ बर्षसम्म नवीकरण गर्न सक्ने व्यवस्था गर्ने ।
- संस्था नविकरण गर्ने प्रयोजनका लागि निम्न अनुसार कागजात पेश गर्नु पर्ने ।
  - वार्षिक सभाको वैठकको निर्णय
  - वार्षिक कार्य प्रगति प्रतिवेदन
  - लेखा परीक्षण प्रतिवेदन

## ४. संस्था खारेजी सम्बन्धी व्यवस्था

- साधारण सभाले संस्था खारेजी सम्बन्धी निर्णय गरी खारेजीको लागि निवेदन दिएमा संस्था खारेज हुने व्यवस्था गर्ने ।
- ५ बर्ष सम्म पनि नविकरण नभएका संस्थाहरु स्वतः खारेज हुने व्यवस्था गर्ने ।

## ५. कर सम्बन्धी व्यवस्था

- सामाजिक तथा नागरिक संस्थाहरु गैर नाफामूलक संस्था भएकोले स्वत कर छुट हुने व्यवस्था गर्नु पर्ने ।
- सरकारसँग सहकार्य गर्न वा सरकारी बजेट अर्न्तगतको कार्य गर्न प्रतिस्पर्धामा सहभागी हुन सामाजिक तथा नागरिक संघसंस्थाहरु भ्याटमा दर्ता हुनै पर्ने प्रावधान हटाउनु पर्ने ।
- सामाजिक सेवा प्रयोजनका लागि आवश्यक पर्ने सामानहरूको भन्सार, कर र अन्य महसुल छूटको व्यवस्था गर्नु पर्ने ।

## ६. संस्थाको सम्पत्ति भोगचलन गर्ने सम्बन्धमा

- अन्तर्राष्ट्रिय मान्यता र अभ्यासहरु तथा संविधान प्रदत्त अधिकारको आधारबाट संस्था कानुनी व्यक्ति सरह हुने भएकोले संस्थाले चल अचल सम्पत्ती भोगचलन, खरीद तथा विकि गर्ने अधिकार सुनिश्चित गर्नु पर्ने ।

- संस्थाले आफ्नो दीगोपनाको लागि श्रोतमा पहुँच स्थापित गर्न, सामाजिक कार्यका लागि स्वःआर्जन गर्न र परिचालन गर्न स्वतन्त्र रहने व्यवस्था गर्ने ।

## ७. परियोजनाको स्वीकृति सम्बन्धमा

- अन्तर्राष्ट्रिय संस्थाहरु तथा दातृ संस्थाहरुले नेपाल सरकारको निकायबाट पहिले नै स्वीकृति लिईसकेको परियोजना संचालन गर्दा नेपाली संस्थाले पुनः स्वीकृति लिन नपर्ने व्यवस्था गर्नु पर्ने । तर सो को जानकारी सम्बन्धित निकायमा गर्नु पर्ने ।
- नेपाल सरकारको कुनै पनि तहबाट प्राप्त अनुदान रकमबाट संचालित परियोजना कार्यान्वयनको लागि अन्य कुनै तह वा निकायको थप स्वीकृति लिन नपर्ने व्यवस्था गर्नु पर्ने ।
- नेपाल सरकारको निकायबाट स्वीकृति लिनु पर्ने परियोजना सम्बन्धमा परियोजना स्वीकृतिको लागि निवेदन दिएको बढीमा ३५ दिन भित्र स्वीकृति पाउने व्यवस्था गर्नु पर्ने ।
- नेपालको संविधान र बिद्यमान कानुनसँग नबाझिने गरी संचालन हुने परियोजनाहरुको स्वीकृतिको लागि प्रस्ताव पेश गर्दा प्रस्ताव पेश गर्नं भन्दा पहिले नै सम्बन्धित निकायको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था गर्न नहुने । (द्रष्टव्य : यस्ता परियोजनाहरु प्रतिस्पर्धाको माध्यमबाट मात्र प्राप्त हुने भएकोले पूर्व स्वीकृति लिन असम्भव हुने )

## ८. अनुगमन सम्बन्धमा

- संघसंस्थाले संचालन गरेका गतिविधिहरुको अनुगमन गर्न नियामक निकायले छुट्टै अनुगमन संयन्त्र बनाइ तेश्रो पक्षहरुबाट अनुगमन मूल्यांकन गर्ने व्यवस्था गर्ने ।
- परियोजना स्वीकृति दिने निकाय आफैं अनुगमन प्रकृयामा संलग्न हुन नहुने ।

## ९. अन्तर्राष्ट्रिय संस्था तथा निकाय सम्बन्धमा

- अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, नेपाल स्थित विदेशी दूतावास वा नियोग, संयुक्त राष्ट्र संघिय निकाय वा अन्तर्राष्ट्रिय वित्तिय संस्थाले परियोजना सञ्चालनको स्वीकृति संघीय तहबाट मात्र लिनु पर्ने व्यवस्था गर्नुपर्ने ।
- नेपालमा खर्च गर्ने प्रयोजनका लागि कुनै पनि अन्तर्राष्ट्रिय विकास साझेदार वा निकायले नेपालका लागि प्रतिवद्धता/विनियोजन गरेको (इअर मार्क) बजेट नेपालमा कार्यगर्ने अन्तर्राष्ट्रिय संस्थाहरुले खर्च गर्न नपाउने व्यवस्था गर्ने ।
- अन्तर्राष्ट्रिय संस्था तथा निकायले नेपालका नागरिक तथा सामाजिक संस्थाहरुसँगको साझेदारीमा मात्र परियोजना कार्यान्वयन गर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- अन्तर्राष्ट्रिय गैससकै नामबाट नेपालमा संस्था दर्ता हुन नपाउने व्यवस्था गर्ने ।

## १०. नियामक निकाय सम्बन्धमा

- नागरिक तथा सामाजिक संस्थाहरुको व्यवस्थापन गर्न, नेपाल सरकार, अन्तर्राष्ट्रिय संस्थाहरु र मुलुकमा दर्ता भएका संस्थाहरु बीचको समन्वयलाई बलियो बनाउन सबै सरोकारवाला निकायहरुको प्रतिनिधित्व सुनिश्चित हुने गरी अधिकार सम्पन्न स्वतन्त्र सामाजिक विकास परिषद वा बोर्डको व्यवस्था गर्ने ।
- आधारभूत वर्ग र तह (महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता सहित लैंगिक तथा सामाजिक समावेशी क्षेत्र) लाई लक्षित गरि काम गर्ने मन्त्रालय महिला, वालवालिका तथा

ज्येष्ठ नागरिक मन्त्रालय देखिएको र विशेषत: सामाजिक संस्थाहरुको कार्यक्षेत्र समेत आधारभूत वर्ग र तहसँग सरोकार राख्ने भएकोहुँदा नागरिक तथा सामाजिक संस्थाहरुको नियामक तथा समन्वयकारी संयन्त्र (सामाजिक विकास परिषद वा वोर्ड) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहने व्यवस्था गर्नुपर्ने ।

- नागरिक संस्थाहरुको स्वायत्तता र मौलिक स्वतन्त्रताको सुनिश्चित गर्न नियामक निकायहरुमा सरोकारवालाहरु (नागरिक तथा सामाजिक संस्थाहरु समेत) को सहभागिता रहनु पर्ने अन्तर्राष्ट्रिय मान्यता बमोजिम परिषद वा बोर्डमा नागरिक तथा सामाजिक संघसंस्थाको क्षेत्रमा कम्तिमा १० वर्ष कार्य अनुभव भएका व्यक्तिहरु मध्ये लैंगिक र सामाजिक समावेशीकरणको मान्यता अनुसार रहने व्यवस्था गर्ने ।
- परिषद वा वोर्डको कार्यकारी प्रमुख सामाजिक विकासको क्षेत्रमा कम्तिमा १५ वर्ष कार्य अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट प्रतिष्पर्धाका आधारमा नियुक्त गर्ने ।
- परिषद वा वोर्डमा गैसस महासंघको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
- नियामक निकायको व्यवस्था प्रदेश र स्थानीय तहसम्म गर्ने व्यवस्था गर्ने ।

## ११. संघसंस्थाहरुको विवरण अद्यावधिक गर्ने

- नियामक निकायले संघसंस्थाहरुको दर्ता, नविकरण, वार्षिक प्रतिवेदनहरुको अद्यावधिक विवरण एकिकृत सूचना प्रणाली अनुरुप व्यवस्थापन गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट प्राप्त रकम सम्बन्धमा अलग्गै प्रतिवेदनको रुपमा वार्षिक रुपमा प्रकाशन गर्ने व्यवस्था गर्ने ।

## १२. विविध

- संविधान प्रदत्त मौलिक हक बमोजिम संगठित रुपमा स्वतन्त्रता पूर्वक सामाजिक गतिविधिहरु संचालन गर्न सकिने र यसरी सञ्चालन भएका गतिविधिहरुमा रोक लगाउने गरी कानुन नबन्ने व्यवस्था गर्ने । तर बैंकिङ कारोबार गर्ने तथा श्रोत प्राप्ति र परिचालन गर्ने प्रकृतिको संघ संस्था भए अनिवार्य दर्ता हुनुपर्ने व्यवस्था गर्ने ।
- बाह्य स्रोत परिचालन नगर्ने प्रकृतिका सामुदायिक हितकारी संस्थाहरुका लागि विशेष छुट र प्रोत्साहनको व्यवस्था गर्ने ।
- राज्यको कुनै पनि तह वा निकायमा दर्ता भएको संस्थालाई पुन: अर्को निकायहरुमा आवद्ध हुनुपर्ने प्रावधानहरु नराख्ने ।

**गैरसरकारी संस्था महासंघ नेपाल**

पो.ब.नं. ७७६८, बुद्धनगर, काठमाडौं

फोन : ४७८१३६८, ४७८२९०८ फ्याक्स : ४७८०५५९

info@ngofederation.org www.ngofederation.org

www.facebook.com/NFNCentral www.twitter.com/Ngofednepal